Samaj Anweshan. voi. 4. No.Special Issue (Nari Bisheshank). May 2026
DOI: https://doi.org/10.3126/anweshan.v7i01.95044
Research Article
ISSN: 3021-9035 Print

# पुँजीवादी व्यवस्थामा शरीर राजनीति

✍कुमारी लामा
klama54@gmail.com

## लेखसार

विश्वभर फैलिएको पुँजीवादी आर्थिक व्यवस्था र स्थापित उपभोक्तावादी संस्कृतिको अन्तर्यमा वस्तु उत्पादन, बजार बिस्तार र नाफा आर्जनका प्रक्रियागत कार्यहरू मात्र नभई विभिन्न प्रकारका शरीरहरूमाथिको शक्तिको खेल र राजनीति पनि उत्तिकै सामेल भएको पाइन्छ। विशेषगरी उपभोक्तावादी संस्कृतिमा हरेक शरीर मालकरणकै प्रक्रियामा अघि बढेको देखिन्छ। यहाँ उपभोग गर्नेदेखि उपयोग गरिने शरीरहरू पनि समान रूपमा जटिल पुँजीवादी उपभोक्तावादी जञ्जालमा फसेका हुन्छन्। यसले शरीरमाथि हुने ठुलो चलखेलप्रति सङ्केत गर्दछ। खास गरी माइकल फूकोले औँल्याएको संस्थागत शक्ति (इन्स्टिच्युसनल पावर) भित्रका अनेक सामाजिक संरचनामा स्वेच्छिक रूपमा नै परिरहेका मानिसहरू पुँजीवाद र त्यसकै उत्पादन उपभोक्तावादी चक्रमा पनि फसिरहेका छन्। यसै पृष्ठभूमिमा रहेर यस लेखले शरीर र शक्तिबिचको सम्बन्धका केही आयामहरूबारे मन्थन गर्दै आजको पुँजीवादी र उपभोक्तावादी समाजमा मानव शरीरहरूमाथि के कस्ता राजनीति भएका छन् भनी शरीर शक्ति र समाज, पुँजीवादी समाजमा शरीर, उपभोक्तावादी संस्कृति र शरीर तथा उपभोक्तावाद र शरीर राजनीतिजस्ता चार विश्लेषणात्मक पर्याधार तयार पारी त्यसैमा रही विश्लेषण गरिएको छ। जसको निम्ति शरीर र शक्तिसम्बन्धी विभिन्न विचारकहरूका सैद्धान्तिक विचार तथा त्यस क्षेत्रमा भएका केही पछिल्ला अध्ययनहरूको सहयोग लिई गुणात्मक विधिबाट विश्लेषण गरी निष्कर्षमा पुगिएको छ। यो अध्ययनमार्फत आजको पुँजीवादी व्यवस्था र उपभोक्तावादी संस्कृतिमाझ सबै शरीरहरूमाथि प्रभाव परे पनि पितृसत्ता र पुँजीवादको नवीन गठजोडका कारण महिला शरीर भने अत्यधिक दोहनमा परेको निष्कर्ष निकालिएको छ।

## शब्दकुञ्जी

पुँजीवाद, शक्ति, पितृसत्ता, उपभोक्तावाद, शरीर

## विषय प्रवेश

मानव समाज विकासको अनेकन चरण पार गरी आजको सर्वाधिक उन्नत मानिने सामाजिक, आर्थिक, सांस्कृतिक, प्राविधिक र राजनीतिक अवस्थामा आइपुगेको छ। मूलतः विश्वपरिवेश नियाल्दा सामाजिक मूल्यमान्यता र व्यवस्थामा भएको क्रमिक परिवर्तनसँगै आर्थिक विकासले ठुलो भूमिका खेलेको देखिन्छ। यसमा मध्ययुगीन युरोपेली धार्मिक कट्टरता र सामन्तवादी सामाजिक व्यवस्थामाझ पन्ध्रौँ शताब्दीबाट सुरु भएको औपनिवेशिक अभियानको योगदान स्मरणीय छ। स्पेनिस, पोर्चुगीज र बेलायतीहरूको ध्वजावाहक जहाजहरू विश्वका अन्य महादेशहरूमा पुग्न थालेपछि विश्वको अर्थ, राजनीतिक र सामाजिक व्यवस्थामा भारी नवीनपना भित्रिएको धेरै समाज जानकारहरूको जिकीर छ। औपनिवेशकाल, जतिबेला युरोपेलीहरू दुरदराजका भूमिहरूमा पुगी त्यहाँका रैथाने भूमिवासीहरूलाई कब्जामा लिई उनीहरूको जमिन, स्रोत साधनमाथि रजगज गरे। बन्दुकजस्तो आधुनिक हतियार बोकी पुगेका युरोपेलीहरूले

✍लेखक पद्मकन्या बहुमुखी क्याम्पसमा प्राध्यापनरत हुनुहुन्छ।

अमेरिका, अफ्रिका लगायतका विभिन्न महादेशका आदिवासीहरूलाई अधीनमा पारी उनीहरूको अमूल्य स्रोत साधन सबै युरोप ओसार्न सफल भए (डायमन्ड, सन् २००५) । यसप्रकारको अपनिवेशवादी हैकम र आर्थिक व्यवस्थाको फरक धार युरोपमा देखा पर्न थाल्यो। अन्ततः औपनिवेशिक/साम्राज्यवादी व्यवस्थाको विस्तारसँगै अन्य महादेशबाट ओसारेको अथाह धन, सम्पत्ति र साधनहरूको व्यवस्थापन र प्रयोगसँगै युरोपेली समाज आर्थिक विकासको नव चक्रमा सामेल हुन पुग्यो।

सोह्रौँ शताब्दीबाट बेलायत र पश्चिम युरोपका देशहरूमा सामन्तवादी उत्पादनप्रणाली अन्तर्गतका उत्पादनका साधन, प्रणाली र सम्बन्धहरूमा बिस्तारै परिवर्तन र परिमार्जित हुन थाल्यो । यसप्रकारको नवआर्थिक व्यवस्थाको सृजनासँगै पुँजीवादको विजारोपण भएको मानिन्छ । फेरिएको आर्थिक व्यवस्थामा मालिक र कामदारहरूको सम्बन्धमा भारी परिवर्तन भई पहिलेका भूपतिहरू कारखानाका मालिक बने भने भूदासहरू मजदुर अर्थात् ज्यालादारी श्रमिकमा परिणत हुन पुगे। यो व्यवस्थाको घतलाग्दो पक्ष भनेको– यसले कामदार/श्रमिकको झुण्ड निर्माण गर्नुका साथै उनीहरूलाई ज्यालामार्फत किन्न सकिने वस्तुसरहमा परिणत गरिदियो (मिश्र, सन् २००४)। यस नवीनउत्पादन प्रणालीको विकासले सामन्ती व्यवस्थामा भएका भूस्वामी र दास, परिवार र समाजिक मान्यता, विवाह, लैङ्गिक भूमिका लगायतका सम्बन्धका कडीहरू क्रमशः भत्काउन मद्दत त गर्यो नै साथमा मानव समाजलाई बिलकुल नवीन सामाजिक तथा आर्थिक व्यवस्थाको गोलचक्करमा पनि सामेल गरिदियो । पहिलेका दासहरू स्वतन्त्र भएर कारखानामा काम गर्ने श्रमिक वर्ग र ज्यालादारी कारिन्दा हुन पुगे। स्त्रीहरू घरको चौघेराबाट निस्किएर काम गर्ने तथा केही स्वतन्त्र हुने अवसर त पाए तथापि उनीहरू क्रमशः मेशिनको निरन्तरको कर्कश आवाजका साक्षी हुँदै घडीको सुईको भरमा मेशिनसरह काम गर्नुपर्ने फगत यान्त्रिक शरीर बन्न पुगे । समय क्रममा पूर्वदासहरू भूस्वामीको फन्दाबाट फुत्किएर पुँजीपतिहरूको ऐश्वर्य बृद्धिको निम्ति निरन्तर मेशिनसरह खटिने केवल यान्त्रिक मानवमा परिणत भए।

विश्वमा पहिलो राष्ट्र भनिने पश्चिमी देशहरूको आर्थिक व्यवस्थाको विषयमा मनन गर्दा छुटाउन नमिल्ने विषय भनेको औपनिवेशिक काल नै हो । यस समयको साक्षी भएको एक विशेष र कलङ्कित कालखण्ड जतिबेला मानिसहरू वस्तुसरह किनबेच गरिन्थे । मुख्यतः युरोपेलीहरूले अफ्रिकाको स्रोत साधन मात्र कब्जा गरेनन् । त्यहाँका मानिसलाई पनि दास बनाई जहाजमा अमानवीय तरिकाले कोचेर एट्लान्टिक महासागर कटाई युरोपका बजार र गल्लीहरूमा बिक्री गर्न थाले (स्पिलर, सन्१९८७)। यस घटनाले एकातिर औपनिवेशिक कालमा धेरै मौलाएको युरोपेलीहरूको भौतिक र आर्थिक महत्त्वाकाङ्क्षा देखिन्छ भने अर्कोतिर अफ्रिकी शरीरमाथिको अकल्पनीय दमनको फेहरिस्ता पनि उजागर हुन्छ। इतिहासका पानाहरूमा मात्र नभई अफ्रिकीहरूको मस्तिष्क र शरीरमा अझै ताजा रहेको यस परिघटनाले दास शरीरमाथिको अतिदोहन, त्यसमा पनि दास महिला शरीरमाथिको अमानवीय शोषणलाई प्रकाशन गर्दछ। त्यसकारण शरीर एक जैविक र भौतिक क्षेत्र भए तापनि यसले समेट्ने विषय र आयाम भने अथाह छन् । जसमा कुनै देशको भौगोलिक सीमादेखि विभिन्न क्षेत्र, लिङ्ग र वर्गका मानिसहरू पनि पर्दछन्।

माथि उल्लिखित पृष्ठभूमिलाई मनन गर्दै अनेकन परिस्थिति र घटनाक्रमहरूसहित अघि बढेको पुँजीवादी व्यवस्थामाविभिन्न प्रकारका शरीरहरू दास, मजदुर, महिला, आदिवासी आदिमाथि भएको राजनीतिलाई यस लेखमा शरीर र शक्तिसम्बन्धी सिद्धान्त र पछिल्ला अध्ययनहरूमा आधारित भई गुणात्मक विविधबाट विश्लेषण गरिएको छ । मुख्यतः सैद्धान्तिक विमर्शमा केन्द्रित भई विश्वका विभिन्न देशहरूमा भएको पुँजीवादी व्यवस्था बिस्तार र त्यसको अन्तर्यमा लुकेका ऐतिहासिक पक्षहरूको उत्खनन गर्नु तथा उपभोक्तावादी संस्कृतिमाझ मानव शरीरहरू

माथि भएको दोहनको राजनीति माथि प्रकाश पार्नु यस शोध–लेखको उद्देश्य रहेको छ। जसका निम्ति आजको पुँजीवादी र उपभोक्तावादी समाजमा मानव शरीरहरूमाथि के कस्ता राजनीति भएका छन् भनी शरीर, शक्ति र समाज, पुँजीवादी समाजमा शरीर, उपभोक्तावादी संस्कृति र शरीर तथा उपभोक्तावाद र शरीर राजनीति जस्ता चार विश्लेषणात्मक पर्याधार तयार पारी त्यसैको आधारमा आलोचनात्मक दृष्टिकोणसहित विश्लेषण गरी निष्कर्ष निकालिएको छ। विभिन्न देशका महिलाहरू माथि भएको दोहनलाई विशेषरूपमा चर्चा गरिए पनि नेपाली महिलामा मात्र केन्द्रित हुन नसक्नु यस लेखको सीमा रहेको छ।

## *शक्ति, शरीर र समाज*

शक्ति र शरीरबिचको सम्बन्धको विषयमा चर्चा गर्दा केही चिन्तकहरूलाई स्मरण गर्न सान्दर्भिक देखिन्छ। जसमा मिसेल फूको र एन्टोनियो ग्राम्सी अग्रपङ्क्तिमा पर्छन् । फूकोले संस्थागत शक्तिका अनेक आयामबारे बिस्तृत व्याख्या गरेका छन् भने ग्राम्सीले प्रभुत्व (हेजिमोनी) र अधिनस्थ (सबाल्टर्न)का विषयलाई विशेष चर्चा गरेका छन् । दुवैको विश्लेषणको केन्द्रमा भने शक्ति सम्बन्ध, राजनीति र त्यसको आम मानिसमा पर्ने प्रभावका विविध आयाम नै छन्।

शक्ति सम्बन्धमाथि गम्भीर दृष्टिकोण प्रस्तुत गर्ने फूकोले गरेको संस्थागत या संरचनागत शक्तिको विषय निकै मननीय छ। समाजमा विद्यमान् अनेकन संस्थाहरू, जस्तो कि पारिवारिक संस्था वा राज्यका विभिन्न निकायहरू सबै नै विशेष शक्ति सम्बन्धबाट सञ्चालित र निर्देशित हुन्छन्। त्यसमा मानिस आफ्नै विवेक र स्वीकारोक्तिसहित ती संस्थागत शक्तिका जञ्जालहरूमा जकडिन पुग्दछन् (फूको, सन् १९७८, सन् १९८२)। राज्यका निकायहरूले नीति नियममार्फत् जनतामाथि शक्ति प्रयोग गर्छन् । धतलाग्दो कुरा के छ भने– मासिनहरू चालै नपाई आफूमाथि थोपरिएको संरचनागत शक्तिको पकडमा पर्दछन् र त्यसको पालना गर्न थाल्छन्। संस्थागत शक्तिकै कुरा गर्दा फूकोले परिवार, सेना, विद्यालय, प्रहरी आदिको चर्चा गरेका छन्, जो एक विशेष संयन्त्र र नियमन गर्ने शक्तिद्वारा सञ्चालित हुन्छ। र गजबको कुरा के छ भने, मानिसहरू चालै बेगर त्यही संयन्त्रबाट निर्देशित र नियन्त्रित हुने कठपुतलासरह बनिसकेका हुन्छन्। फूकोले भन्ने गरेको संस्थागत या संरचनागत शक्तिले मानिसको मस्तिष्क र शरीरलाई विभिन्न प्रकारले नियन्त्रण गरिरहन्छ। साथमा उनी यो पनि दावी गर्छन् कि शक्ति त्यतिबेलामात्र अस्तित्वमा रहन्छ जब त्यसको प्रयोग हुन्छ (फूको, सन् १९८२, पृ. ७८८)। निश्चय नै प्रयोग बिना शक्तिको अर्थ रहन्न। फेरि पनि शक्ति प्रयोगको प्रमुख निशान भनेको शरीर नै हो।

अर्का शक्तिशाली चिन्तकका रूपमा विश्वभरि चिनिएका एन्टोनियो ग्राम्सी आफैँ फासिवादका सिकार भई बन्दीगृहको कडा नियम र नियन्त्रणमा कुँजिएका कमजोर शरीर थिए। तत्कालीन मुसोलिनीयन फासिवादले कट्टर शत्रु मानेका मार्क्सवादी चिन्तक ग्राम्सीको शरीरले कष्टसाध्य समयको सामान गरेको थियो तर उनको मस्तिष्क भने समाज चिन्तनका अनेकन केस्रा केलाउन व्यस्त बन्यो। त्यसकारण उनको शरीर आफैँमा एक ऐतिहासिक दस्तावेज भएको समाज ज्ञाताहरूको धारणा छ। जसमा क्रोनेन्बर्ग र पुड्डु (सन् २०२६) ले गरेको ग्राम्सी र सार्डिनियावासीको शरीरसम्बन्धी सोध निकै महत्त्वपूर्ण देखिन्छ। उनीहरूले बिसौँ शताब्दीको औपनिवेशिक सार्डिनियाका (ग्राम्सीको जन्म ठाउँ) मानिसहरूको धैरै शारीरिक श्रमका कारण उत्पन्न भएका समस्याहरू, हड्डीसम्बन्धी रोगहरू र ग्राम्सीलाई कैदखानामा राख्दा प्रयोग गर्न दिइएको सामान, दिइने खान र उनको शारीरिक अवस्था लगायतलाई विश्लेषण गरी सार्डिनियाका मानिसहरूको शरीरको सामूहिक इतिहास खोज्ने प्रयास गरेका छन्। उनीहरूले गरेको शरीर अध्ययनले सार्डिनियावासीको सामाजिक जीवन, आर्थिक अवस्था र शक्ति सम्बन्धको भिन्न पाटोलाई उजागर गर्दै बैकल्पिक इतिहास लेखनको प्रयास गरेको देखिन्छ (क्रोनेन्बर्ग र पुड्डु,

सन् २०२६, पृ. ५)। यस अध्ययनले शरीर केवल एक भौतिक क्षेत्र मात्र नभई शक्ति प्रयोगका अनेकन चिन्ह र खाटाहरू टङ्कित हुने विशेष क्षेत्र या इतिहासका पानासरह भएको पुष्टि गर्दछ।

ग्राम्सी र फूकोको विचारकै आधारमा शक्ति प्रयोगकर्ता वा प्रभुत्वशाली वर्ग र शक्तिको प्रयोग गरिने अधिनस्थ या सवाल्टर्न शरीरबारे पनि मन्थन गर्न सक्छौँ। विशेषगरी विश्वभर आजपर्यन्त कायम रहेको पितृसत्तावादी सामाजिक मान्यता र त्यसले महिला तथा लैङ्गिक र यौनिक अल्पसङ्ख्यक समुदाय र शरीरहरूमाथि पारेको प्रभावलाई विश्लेषण गर्न उनीहरूको विचार निकै उपयोगी देखिन्छ। त्यसबाहेक पितृसत्तावादको हालीमुहाली माफ केही शताब्दीयता भ्याङ्गिएको पुँजीवादी व्यवस्था, बजार र उपभोक्तावादी संस्कृतिमाफ ती शरीरहरूमाथिको दमनका शृङ्खला, शोषणका नवीन तरिका र विविधताबारे गहिरो चिन्तन गर्न पनि शक्ति सम्बन्धका चिन्तनहरू उत्तिकै आवश्यक छन्।

विभिन्न शरीरहरू माथिको स्थापित दृष्टिकोण सामाजिक व्यवस्था, सांस्कृतिक मान्यता, राजनीतिक र आर्थिक परिस्थिति अनुरूप फरक हुन सक्छन्। यसमा पितृसत्तावादी सामाजिक व्यवस्थाअन्तर्गत महिला शरीरमाथिको दोहन जुगौदेखि निरन्तर चलिरहेको छ। यसले पुरुष र महिलाबिच निश्चित तह र दायरा निर्धारण गरी महिलालाई पुरुषभन्दा तल्लो दर्जामा राखेको छ। यो मान्यताले निरन्तरता पाइरहनुका पछाडि समाजलाई अगुवाई प्रदान गर्ने शक्तिशाली निकायहरू जिम्मेवार छन्। त्यसमध्ये धार्मिक निकाय साह्रै बलशाली देखिन्छ। धर्माधिकारी, पण्डित, धर्मका व्याख्याता आदिले महिलाको दर्जीकरणमा ठुलो भूमिका खेलेका छन्। उनीहरू पुरुषद्वारा सदा संरक्षण दिइनुपर्ने, पुरुषको जीवनलाई सहजता प्रदान गर्ने, पारिवारिक विरासत कायम राख्न सन्तान उत्पादन गरिदिने र घरघेरामा सीमिति रहनुपर्ने एक बधुवा प्राणीसरह बनाइए। तथापि यस्ता मान्यताहरूलाई ठाडै अस्वीकार गर्दै लिङ्ग एक जैविक विषय मात्र भएको धेरै नारीवादी चिन्तकहरूको धारणा छ। सिमोन दि बुभाका अनुसार कोही जन्मजात महिला हुने नभई उनी बनाइन्छिन् (बुभा, सन् १९७३, पृ. ३०१) भन्ने दावी अत्यन्त पेचिलो छ। उनको लिङ्गले नभई सामाजिक मान्यताहरूले महिलाको निर्माण गरिदिन्छन् भन्ने विचार निकै मननयोग्य छ। खासमा मानिस सामाजिक, पारिस्थितिक या सांस्कृतिकलगायत मान्यताहरूका निर्माण न हुन्। लिङ्ग केवल एक जैविक क्षेत्र हो। तथापि धार्मिक, सामाजिक, र सांस्कृतिक मान्यताले मनिसको निर्माणमा निकै प्रभाव पार्छ। त्यसैले समय कालसँगै महिला शरीर केवल एक भोग्या, दमित र अधीनस्थ शरीरमा परिणत हुन पुगेको देखिन्छ।

शरीरलाई केन्द्रमा राखी विश्लेषण गर्ने विभिन्न चिन्तकहरूमध्ये जुडिथ बट्लरको विचार निकै महत्त्वपूर्ण छ। उनी बुभाको विचारमा सहमत भए तापनि लैङ्गिकताको निर्धारण शरीरले गर्ने कार्यात्मकता (पर्फम्याटिभिटि)सँग सम्बन्धित हुन्छ र यो एक निरन्तर प्रक्रिया हो भन्ने धारण राख्छिन् (बट्लर, सन् २००४, पृ.११६)। पितृसत्ताले निर्धारण गरे अनुरूपका काममा निरन्तर लागिरहेका शरीरहरू विशेष लैङ्गिक परिचयसहित स्थापित हुन पुगेको उनको जिकीर मननयोग्य छ। जगजाहेर नै छ, समाजले महिला र पुरुष शरीरहरूलाई निश्चित कार्यसम्पादनको जिम्मा दिएको छ र त्यसै अनुरूपको परिचय पनि। महिला र पुरुषका विपरीत लिङ्गी (हेटेरोसेक्सुअल) शरीरहरू पितृसत्ताको परिभाषाभित्र पर्ने र सामाजिक वैद्यता प्राप्त खास शरीरहरूमा पर्दछन्। त्यस इतरका शरीरहरू भने आजपर्यन्त विश्वभरका मूलधारका सामाजिक तथा सांस्कृतिक मान्यतागत क्षेत्रको किनारामा पर्दछन्। कामको आधारमा विभाजित र स्थापित लैङ्गिक परिचयको सन्दर्भ जोड्दै बट्लरले भने लैङ्गिकताजस्तै यौनिकता पनि सांस्कृतिक निर्माण नै हो तथापि समयकालसँगै यी दुई बिचको भेद नदेखिने अवस्थामा पुगेको तर्क प्रस्तुत गर्छिन् (बट्लर, सन् १९९०, पृ. ७)। उनले भनेजस्तै लिङ्ग र यौनिकताको विषय बिच ठुलो भिन्नता भए तापनि त्यसलाई आम मानिसले भने एकै रूपमा

बुझ्दछन् । जसका कारण आजसम्म पनि यौनिकताको विषय निकै जटिल प्रतीत हुन्छ जसलाई बुझ्न/बुझाउन गम्भीर विमर्शको आवश्यकता देखिन्छ।

पितृसत्तात्मक विचार र मान्यताका आफ्ना जडता र सीमाहरू छन्। यसले लैङ्गिकताको सवालमा महिला र पुरुष शरीरलाई मात्र मान्यता दिन्छ। अन्य शरीरहरू, जस्तै– समलिङ्गी या तेस्रोलिङ्गी शरीरहरू भने यस मान्यताभित्र स्वीकार्य हुँदैनन्। त्यस्ता शरीर र यौनिक परि चयलाई आज पनि अप्राकृतिक भन्दै हेय, हेला र घृणाको दृष्टिले हेर्ने गरिन्छ। द्विलिङ्गीय सामाजिक मान्यताले जकडेको यस समजाले फरक यौनिकतालाई स्वीकार्नु त परको कुरा सकेसम्म बहिष्कार नै गर्छ। कुनै परिवारमा यदि त्यस्ता सदस्य भएमा शरमको रूपमा लिने र परिवारको इज्जतमा नै धब्बा लागेसरह मान्छन्। उनीहरूलाई परिवार र समाजबाटै यति बाहेक गरिन्छ मानौ उनीहरू बाँच्न योग्य नै छैनन्। यसै सन्दर्भमा बट्लरले इङ्गित गरेको पितृसत्ताको चरम कट्टरपनालाई यहाँ उल्लेख गर्न सान्दर्भिक हुन्छ। पितृसत्तात्मक सामाजिक व्यवस्थाले मानव जीवनहरूमध्ये पनि बढी मानव (मोर ह्युमन) र कम मानव (लेस ह्युमन), शरीरमा पनि बाँच्न योग्य (लिभेबल) र अयोग्य (अनलिभेबल) शरीर भनी विभाजन गरेको छ भन्दै त्यसमा उनी आलोचनात्मक दृष्टिकोण प्रस्तुत गर्छिन् (बट्लर, सन् २००४, पृ. २)। निश्चय नै समाजमा स्थापित मुख्य मान्यता र व्यवस्थाभित्र मानिसका तहहरू छन्, जसमा पुरुष सबैभन्दा माथि, पहिलो दर्जाको मानवमा पर्छ। महिला भने पुरुषको सहायक या तहगतरूपमा पुरुष भन्दा तल, दोस्रो दर्जामा पर्छन्। यहाँ महिलाको सन्दर्भमा बुभाले औँल्याएको 'अन्य' (सन् २०११, पृ. २६) भन्ने शब्द सान्दर्भिक देखिन्छ। महिलाको हकमा स्वनिर्णयका अधिकारभन्दा पर पुरुषलाई सहजता प्रदान गर्ने अन्यमा सीमित पारिएको देखिन्छ। महिला र पुरुषभन्दा फरक तेस्रो लिङ्गी शरीर त तहगत रूपमा तलमात्र नभई अस्वीकार्य, मानिसभन्दा तल्लो कोटिको वा बाँच्नै अयोग्य शरीरभित्र पर्छन्। यसरी पितृसत्तात्मक समाजले मानव शरीरलाई अनेक आधारमा विशलेषण र विभाजन गरी शक्ति प्रयोगको सहज माध्यम बनाएको देखिन्छ।

बट्लर, फूको, ग्राम्सीसहित विभिन्न सिद्धान्तकारहरूले अघि सारेको समाज, शरीर र शक्ति सम्बन्धका विविध विचारलाई लैङ्गिकरूपमा मात्र नभई वर्गीय, आर्थिक, जातीय, क्षेत्रीय, शारीरक अवस्था तथा विभिन्न कारणले सीमानामा परेका शरीरहरूको विश्लेषणको निम्ति प्रयोग गर्न उपयुक्त देखिन्छ। मूलधार या शक्ति प्रयोगदेखि स्रोतसाधनको पहुँचभन्दा टाढा पारिएका सीमान्तकृति शरीरहरू शक्ति चलखेलका निम्ति सहज शरीरभित्र पर्छन्। जसमा महिला, दलित, आदिवासी समुदाय, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलगायतका शरीरहरू पर्छन्। त्यसैले शरीर पक्कै पनि एक जैविक परिभाषाभित्र मात्र अटाउन नसकिने एक सामाजिक र राजनीतिक क्षेत्र पनि हुन् भन्ने स्पष्ट हुन्छ। साथमा आजको पुँजिवादी सामाजिक/आर्थिक व्यवस्था र उपभोक्तावादले चरमता पक्डेको वैश्विक परिवेशमा शरीरमाथिको शक्ति प्रयोगको भिन्न आयाम उजागर भएका छन्। पुँजीवादसँग हातेमालो गर्ने उपभोक्तावादले महिलाको शरीरमाथि गरिरहेको चलखेलको विषयमा गम्भीर विमर्श जरुरी छ।

## *पुँजीवादी समाजमा शरीर*

औपनिवेशिक कालमा सुरु भएको एट्लान्टिक दास व्यापारसँगै विश्व पुँजीवादी व्यवस्थाले नयाँ युगमा प्रवेश गरेको मानिन्छ। युरोपेलीहरूको अथाह आर्थिक उपलब्धिको पछाडि दास बनाइएका शरीरहरूमाथिको दमन र बिक्रीबाट प्राप्त रकमको ठुलो योगदान छ। विशेष गरी अश्वेत दासहरूले मालिकको सम्पत्ति वृद्धिमा मात्र नभई कपास र उखु खेतीमा बगाइदिएको श्रम पसिनाका कारण संसारकै आर्थिक व्यवस्थामा कायापलट भएको देखिन्छ। विश्वको पुँजीवादी व्यवस्थामा आएको क्रान्तिकारी परिवर्तनको अन्तर्यमा पशुसरह काममा दलाइएका दास शरीरहरूको पसिना, खुन

र आँसुको योगदान सबैभन्दा ज्यादा छ भन्ने राइनहार्टको (सन् २०१६, पृ. २९) दावी मननीय छ। साथमा दास शरीरमा भएको आर्थिक चलखेल, यातना र अमानवीकरणको फेहरिस्ता नियाल्न स्पिलरले (सन्१९८७) उल्लेख गरेको एट्लान्टिक दास व्यापारका घटनाक्रमहरूको स्मरण जरुरी छ। उनले दास शरीरमा पनि महिला शरीरमाथिको अत्यधिक दमनको विषयमा विशेष चर्चा गरेकी छिन्।

दास शरीरको बिक्री र व्यापारले भिन्न उचाई लिइरहेको बखत दासमध्येका पनि बैंसालु महिला शरीरमाथिको दोहन अत्यधिक देखिन्छ । महिला शरीरमाथिको चरम चलखेलको पछाडि उनीहरूले गर्ने काम त एकतिर थियो नै त्यसबाहेक उनीहरूसँग आफूजस्तै दास सन्तान जन्माइदिएर मालिकहरूलाई मालामाल गरिदिने पाठेघर पनि थियो । साथमा मालिकले चाहेको बखत शारीरिक तिर्खा मेटाउने पाउने सहज र उचित शरीर पनि भएका थिए। यसरी हेर्दा अश्वेत दास शरीर अत्यधिक दमनमा परेको देखिन्छ । यसै सन्दर्भमा स्पिलरले उल्लेख गरेको दास शरीरको चेकजाँचको प्रकियाले पनि धेरै कुराको खुलासा गर्छ। उनी लेख्छिन्, अठारौँ शताब्दीका अनुभवी दासधनीहरूले दास महिलाको शारीरिक र प्रजनन क्षमताबारे सहजै पत्ता लगाउन सक्थे, विशेष गरी नझोलिएको छाती उनीहरूको प्राथमिकतामा पर्थ्यो (स्पिलर, सने १९८७, पृ. ६३२)। नाङ्गै उभ्याइएका दासहरूको शरीरलाई आँखाले, हातले र नजाने कति कुराले जाँच गरेर छानी छानी किनबेच गर्ने काम हुन्थ्यो। त्यस अवस्थामा एक मानिसले आफ्नो सारा मानवीय स्व गुमाई एक वस्तुमा परिणत भइसकेका हुन्थे। निश्चितरूपमा महिलाको शरीरको जाँच प्रक्रिया मानव शरीरको अमानवीकरणको एक क्रूर उदाहरण त हो नै साथमा वस्तुकरणको पनि ज्वलन्त उदाहरण हो ।

औपनिवेशिक कालमा फस्टाएको पुँजिवादी आर्थिक महत्त्वाकाङ्क्षाको गोलचक्करमा परेका दास शरीरहरूलाई स्व र कर्तापना (एजेन्सी) बाट बिच्छेदित पारी पशुसरह बनाइए। उनीहरू मानिस नभई केवल अर्थ आर्जन गरिदिने जिनिसमा परिणत हुन पुगे । त्यसमा पनि दास महिला शरीरले भोगेको पीडाको छुट्टै फेहरिस्ता छ । दासहरूको हकमा परिवार भन्ने सवाल निकै टाढाको थियो । पशुझैँ एक मालिकबाट अर्कोमा बेचिने उनीहरूका आमा, बा या छोराछोरी छिन्नभिन्न भई विभिन्न ठाउँमा पुगेका हुन्थे । आमाले पनि आफ्ना नानीहरूलाई दावी गर्न पाउने अवस्था थिएन । त्यसकारण आम परिवारका महिलाले अनुभव गर्ने 'मातृत्व' को सवाल अश्वेत दास आमाहरूको निम्ति केवल असम्भव दिवास्वप्न बन्ने गर्थे (स्पिलर, सन्१९८७, पृ. ८०)। यसर्थ नाफा केन्द्रित पुँजीवादी व्यवस्थाले बन्दी शरीरहरू (क्याप्टिभ बडिज) को चरम शोषण मात्र गरेन उनीहरूलाई मानिसको कोटीबाट निकै तल भ्कारी मात्र मालमा परिणत गरिदियो। शारीरिक र मानिसकलागयत विभिन्न तहको पीडा र प्रताडता भोग्ने शरीरमा महिलाका शरीरहरू नै धेरै थिए । उनीहरूमाथि हिंसाका अनेकन शृङ्खला भएको हामीले सहजै अनुमान गर्न सकिन्छ । मूलतः यौन हिंसा र मालिकको निम्ति धेरै सन्तान उत्पादन गरिदिनुपर्ने बाध्यताका कारण दास महिलाहरूका शरीर सबैभन्दा धेरै शोषण र पीडाको भागिदार बन्न पुग्यो ।

लामो समय देखि पितृसत्तात्मक वैचारिकीअनुसार अघि बढेको समाजले महिलाको स्वतन्त्रता र अस्तित्वको सवाललाई सधैँ अन्देखा गरेको पाइन्छ। उनीहरू पुरुषको छायासरह मानिन्थे/मानिन्छन्। विश्वका विभिन्न देशहरूमा भिन्न तरिकाको सामाजिक र सांस्कृतिक कज्याँइमा परेका महिला शरीर दक्षिण एसियाका भारत र नेपालमा भने सतीको रूपमा पोलिनेसम्म पनि गरिन्थ्यो । सती प्रथाको नाममा लोग्नेको मृत्युपछि महिलाहरूको बाँच्ने अधिकार नै खोसिन्थ्यो। वि.सं. १९७७ मा चन्द्रशम्शेरले उन्मूलन गर्नु अघिसम्म नेपालमा खस आर्य समुदायका आम महिलादेखि बडामहारानीहरूसम्म पनि सती पोलिएका इतिहास ताजै छन्। पितृसत्तात्मक व्यवस्थाले महिलामाथि कतै दासको रूपमा भने कतै जातका आधारमा र कहीँ भने सांस्कृतिक मान्यताका आडमा क्रूर र बर्बरतापूर्ण व्यवहार गरेको

निकट इतिहासहरू छन्। यस पृष्ठभूमिबाट अघि बढेको वैश्विक समाजमा बिसौँ शताब्दीको मध्यतिरबाट भने महिलाको अस्तित्व, स्वतन्त्रता र अधिकारको सवालले ठुलो रूप लिदै गयो। भलै नेपालमा भने योगमाया जस्ती समाज सुधारक महिलाले पश्चिमा राष्ट्रका नारीवादीहरूले महिला अधिकारको विषय उठाउनु अघि नै सती प्रथादेखि जातीय विभेद विरुद्ध आवज बुलन्द पारिसकेकी थिइन् (अजिज, सन् २०२०)। पश्चिमा देशहरूमा सन् १९६० ताका भएका अनेकन आन्दोलनहरूमध्ये महिला आन्दोलनलाई एक विशेष तथा महिला अधिकारको लागि कोशेढुङ्गाको रूपमा लिइन्छ। त्यस्ता अनेकन महिलावादी आन्दोलनको परिणाम स्वरूप महिलाहरूले केहीहदसम्म आफ्नो स्वतन्त्रता र अधिकारको उपभोग गर्न सक्ने अवस्था भयो।

वर्तमान् समयसम्म आइपुग्दा महिलाहरूले जेजति प्राप्त गरे ती सबै प्रतिरोध र आन्दोलनपछि मात्र प्राप्त गरेका हुन्। तिनै आन्दोलनहरूको उपज आज महिलाहरू घरघेराबाट बाहिर निस्किएर शिक्षादेखि अर्थोपार्जनसम्म, प्रशासनिक जिम्मेवारीदेखि, राजनीति, सामाजिक आन्दोलनसम्म डटेर लाग्न सक्ने अवस्थामा छन्। तथापि पुँजीवादी व्यवस्था, बजार र उपभोक्तावादी संस्कृतिको व्यापक बिस्तारसँगै आज महिलाको अस्तित्वमाथि पुनः ठुलो प्रश्न चिन्ह खडा भएको छ।

## *उपभोक्तावादी संस्कृति र शरीर*

पुँजीवादी व्यवस्थाको केन्द्रमा बजार र नाफा रहेको सर्वविधितै छ। यस व्यवस्थाले मुख्यतः वस्तुको उत्पादन, उचित बजारीकरण, बिक्री र त्यसबाट प्राप्त हुने नाफासँग सरोकार राख्छ। त्यही आर्थिक व्यवस्था र वैचारिकीलाई भरथेग गर्नका निम्ति उदार बजारनीतिले उत्तिकै ठुलो भूमिका खेलेको छ। विभिन्न कम्पनीहरूले उत्पादन गरेको वस्तुबाट नाफा आर्जन गर्नका लागि उचित बजार र वफादार उपभोक्ताहरूको आवश्यकता हुन्छ। रमाइलो कुरा के छ भने आजका मानिस जानअन्जानमा नै असल उपभोक्तामा परिणत भइसकेका छन्। वस्तु उपभोग समकालीन पुँजीवादी संस्कृतिको एक अभिन्न पाटो बनिसकेको छ। फेरि पनि हामीले बिर्सन नहुने कुरा भनेको समग्र सामाजिक मानिसकता हो, जो पितृसत्तात्मक व्यवस्थामा नै आधारित छ। चाहे पूर्व हुन् या पश्चिमका राष्ट्रहरू जहाँतहीँ पितृसत्तावादकै वैचारिकी हावी छ। र अर्को चाखलाग्दो पक्ष भनेको पितृसत्तात्मक वैचारिकी र पुँजीवादी व्यवस्थाको उचित गठजोड, जसले विभिन्न प्रकारका शरीरहरूको दोहनका लागि उचित संरचना तयार पारेको छ। भूमण्डलीकृत पुँजीवादले महिलालाई एक नवीकरण गरिएको पितृसत्तात्मक संरचनाभित्रको घेरामा पारिसकेको छ, जो खुला बजार र नवउत्पादित वस्तुका रूपमा भेष बदलेर प्रकट हुने गर्छन् (लामा, सन् २०२०)। पुँजीवादी व्यवस्थाको नवनीतिले महिलाको शरीरलाई विभिन्न प्रकारले उपयोग गर्छ। पहिलो, एक असल उपभोक्ताको रूपमा तयार पार्छ। दोस्रो, महिला शरीरलाई नै उत्पादनको प्रचार र विज्ञापनको लागि प्रयोग गरी उपभोक्तावादी संस्कृतिको विस्तारका लागि प्रयोग गर्दछ। अन्ततः महिलाहरू नै धेरै उपभोक्तावदी संस्कृतिको चङ्गुलमा परी पितृसत्ताको नवीनतम् संरचनामा फस्न पुग्छन्।

महिला अधिकारकर्मीहरूले मेरो शरीर मेरो अधिकार भन्ने नारा घन्काइरहदा अधिकांश महिलाहरू भने चाल बेगर नै पितृसत्तात्मक पँजीवादी बजारले स्थापना गरिदिएको सुन्दरताको मानकभित्र जकडि सक्छन्। यसै सन्दर्भमा कोलिन्स र रोथको उपभोक्ता संस्कृतिको विश्लेषण मननयोग्य छ। उनीहरू भन्छन्– आफ्नो इच्छाअनुसार खपत गरेका उत्पादनहरूकै माध्यमबाट महिलाहरू प्रत्यक्ष रूपमा नै चलिचलनको लैङ्गिक संरचनालाई भरथेग गर्न सामेल भइरहेका छन् (कोलिन्स र रोथ, सन् २०१७, पृ. १६६)। उनीहरूले उठाएको यस विषय निकै गम्भीर छ। किनकि महिलाहरू एकातिर स्वतन्त्रता, अधिकार र स्वपरिचयको वकालतमा मारामार लागिरहेका छन् भने अर्कोतिर दिनानुदिन साम्राज्य फैल्याउँदै गरेको पुँजीवादी बजारले उत्पादन

गरिरहेका सौन्दर्य प्रसाधनका सामग्रीहरूको प्रयोगको होडबाजीमा सामेल भई पुँजीवाद र पितृसत्ताको नव चङ्गुलमा फसिरहेका छन् । यसप्रकारको विलकुल भिन्न माहोलमा जकडिँदै गएका महिलाको अस्तित्वको सवाल, शारीरिक र मानसिक स्वतन्त्रताका विषय फेरि पनि संशयको भासमा जाकिदै गएको छ ।

पुँजीवादी बजारका प्रवर्तक निकायहरू, जस्तो कि विज्ञापन, मनोरञ्जनको क्षेत्र र सौन्दर्य प्रसाधनका उत्पादन कम्पनीहरूले महिला शरीरको मालकरणमा प्रमुख भूमिका खेलेका देखिन्छन् । सौन्दर्यका सामग्री उत्पादन गर्ने प्रभुत्वशाली कम्पनीहरूले सौन्दर्यका मानक स्थापनामा अग्रसर मात्र नभएर सफल पनि छन् । जसमा विज्ञापन कम्पनीहरूले महिलाको सौन्दर्य प्रसाधनका साधनहरूको प्रचार गर्दै एक मानक महिला शरीर र सौन्दर्यलाई स्थापना गरिदिन्छ। मुख्यतः विज्ञापनमा देखाइएको छविले आम महिलाहरूको ध्यानमात्र खिच्ने होइन उनीहरूलाई ती सौन्दर्य प्रसाधनको प्रयोग गरी देखाइए बमोजिमको सौन्दर्यको घेराभित्र पर्न लालायित पारिदिन्छन् । जसले उनीहरूलाई ती सौन्दर्य सामग्रीको वफादार उमभोक्ता बन्न उक्साउँछ, र अन्तमा त्यही नै हुन्छ । खासमा उनीहरूले पछ्याउने त्यस मानक सौन्दर्य अरू केही नभई उही पितृसत्तात्मक सौन्दर्यको मानक नै हो । यसरी आजका स्वतन्त्र, स्वाबलम्वी नारीहरू पनि थाहै नपाई पितृसत्तात्मक पुँजीवादी बजारको घेराबन्दीमा पर्दछन् । त्यस प्रक्रियालाई दिनानुदिन भ्याँङ्गिदै गएको उपभोक्तावादी संस्कृतिले साथ दिएको देखिन्छ ।

खासमा उपभोक्तावादी संस्कृतिको घेरामा महिला मात्र नभई सबै लिङ्ग, समुदाय, वर्ग, क्षेत्रका मानिसहरू परेका छन् । तथापि बजारले स्थापना गरिदिएको सौन्दर्यको मानकभित्र आफूलाई पार्ने होडबाजीमा भने महिलाहरू नै अगाडि छन् । त्यसैले त्यसका दुष्प्रभावहरू पनि उनीहरूमा नै ज्यादा परेको पाइन्छ । बजार र उपभोगको नसाले दिमाग हल्लाइदिएपछि आजकल सुन्दर देखिनका लागि अनेक हत्कण्डा गर्न पनि उनीहरू पछि पर्दैनन् । शिला जेफ्रिज (सन् २००५)ले खुलासा गरेको सौन्दर्य उद्योगको एक क्रूर सत्य निकै संवेदनशील छ । उनी कस्मेटिक उद्योगले महिला शरीरमाथि गरेको दोहनको एक उदाहरण यसरी प्रस्तुत गर्छिन्–

...महिलाहरूले आफ्ना शरीरमा बोकी हिड्ने सौन्दर्यका क्रूरतम् अभ्यासहरू झन्झन् बिकराल बन्दैछन्, ...स्नत प्रत्यारोपण मुटुको छेवैमा मासुभित्र गरिन्छ, महिलाका योनीका भित्ताहरू निश्चित आकारमा ल्याइन्छन्...शरीर छेड्ने नयाँ उद्योगहरूले महिलाका जिब्रोहरू दुई चिरा मात्र पार्दैनन्, स्नतका मुन्टाहरूमा छेड्नेदेखि 'शरीर कला' को नाममा नाइटो छेडेर गहना पहिऱ्याइदिनेसम्म गर्दछन् । (जेफ्रिज, सन् २००५, पृ. १)

जेफ्रिजले प्रस्तुत गरेको यस उदाहरणले सम्रग रूपमा आजका महिलामा सवार सौन्दर्य प्राप्तिको पागलपनालाई मात्र इङ्गित नगरेर विनाजानकारी पुँजीवादी उपभोक्तावादको दलदलमा फसेको डरलाग्दो अवस्थाको पनि खुलासा गर्दछ । यति नै बेला एक सचेत नागरिकको मनमा भने एउटा प्रश्न उठ्न सक्छ– वास्तवमा महिलाहरू कसले निर्माण गरिदिएको सौन्दर्यको फ्रेममा अटाउने भागदौडमा छन् ? निश्चय नै पितृसत्तात्मक पुँजीवादको ।

संवेदनशील र गम्भीर कुरा के छ भने, महिलाहरू जुन संस्था र बन्धनहरूबाट मुक्तिको निम्ति यति लामो समयदेखि लडिरहेका छन्, अफसोस उनीहरू पुनः रूपरङ फेरेर आएको पुँजीवादी उपभोक्तावाद मिश्रित पितृसत्ताकै पञ्जामा परिरहेका छन् ।

## *उपभोक्तावाद र शरीर राजनीति*

पुँजीवादी उपभोक्तावादी बजारले दुई किसिमले मानिसको शरीरसँग खेलिरहेको देखिन्छ । पहिलो, पुँजीवादी कम्पनीका उत्पादनहरूको असल उपभोक्ता बन्ने वातावरणको सृजना गरिदिने र दोस्रो, एक पक्षको शारीरिक आनन्दका खातिर अन्य धेरै प्रकारका शरीरहरूको धेरै उपभोगका निम्ति नवीन बाटाहरू खोज्ने । यी दुवै प्रक्रियामा प्रयोग

गरिएका शरीरहरूबाट प्राप्त नाफाको कुम्लो भने पुँजीवादी कारखानाका मालिकहरूकै पोल्टोमा जान्छ। उपभोग गर्ने र उपयोगमा परेका मानिस/शरीरहरू भने केवल उपभोक्तावादको चक्करमा फस्ने र आफ्नै शरीरमाथि भएको राजनीतिको साक्षी मात्र बन्न पुग्छन्। तथापि यस विशाल बजार संयन्त्रमा महिलाका शरीरहरू नै अधिक दोहनमा परेका देखिन्छन्। कतिपय अवस्थमा भने महिलाहरू आफ्नै स्वनिर्णयबाट उपभोक्तावादी संस्कृतिमा परेजस्तो देखिन्छन् भने धेरैजसो जानअन्जानमै बजार नियन्त्रित विशेष दमनको चक्रमा फस्दछन्। दुवै अवस्थामा उनीहरू मालकरणकै सिकार हुन पुग्छन्। महिला शरीरमाथिको वस्तुकरणको राजनीति विकराल छ। जसमा यौन व्यवसाय, मनोरञ्जन क्षेत्र, फेसन उद्योगलगायत महिलाको शरीर वस्तुकरणका लागि अग्रपङ्क्तिमा पर्ने धन्दाहरू हुन्।

पुँजीवादी बजारले फालेको जाल र उपभोक्तावादी संस्कृतिको लतमा आधुनिक पुरुष झुण्ड उत्तिकै मात्रामा परिरहेका पाइन्छन्। उनीहरू भने प्राय आनन्द प्राप्तिका लागि खोलिएका अनेक संयन्त्रमा फसेका हुन्छन्। चाहे ती निलो चलचित्रका लतमा फसेका हुन्, शारीरिक भोक मेटाउन बेश्यालय चाहार्ने काममा या साइबर सेक्समा रमाउन, यी सबै यात्रा उपभोक्तवादी संस्कृतिकै उपज हुन्। गजब को कुरा के छ भने, चाहे उपभोक्ता हुन् या उपभोग गरिने शरीर, दुवै यही पँजीवाद निर्मित उपभोक्तावादकै बाइप्रोडक्ट हुन्। अनौठो कुरा– यौन जस्तो अत्यन्त व्यक्तिगत र निजी विषय पनि आज खुलम्खुल्ला गरिने, सार्वजनिक कार्यजस्तो भइसकेको छ। साथै ठुलो मात्रामा आर्थिक चलखेलमा सामेल विशाल उद्योगकै रूपमा विश्वभर फैलिसकेको छ। केही समय अघिसम्म पनि निजी निवासमा हुने गुप्त शारीरिक सम्पर्क आज बजारमा खरिद बिक्री गर्न सकिने वस्तुसरह बनेका छन्। जेफ्रिज (सन् २००५) का अनुसार सन् १९९० यता सिनेमा, यौन उद्योग, फेसन, फोटोग्राफी, नग्न कला या अश्लील चलचित्रलगायतले संस्कृतिको अश्लीलीकरण (प्रोनोग्रफाइजेसन अब कल्चर) मा भूमिका खेलेको छ। संस्कृति आफैँ बजारको मारमा परेको अवस्थामा पुँजीवादी बजारले निर्माण गरिदिएको फरक सत्य, भिन्न संस्कृति र कल्पनानीत उपभोगउन्मुख वातावरणसँग प्रवाहित हुन बाध्य उत्तराधुनिक मानिस यथार्थ र कल्पनाको दोसाधमा यात्रारत छन्।

यौन व्यवसाय संसारकै सबैभन्दा पुरानो व्यवसाय मानिन्छ, जसमा विश्वका हरेक कुनो यसबाट अछुतो छैन। मात्र यसका तरिकाहरू बदलिएका छन्। बजार र उपभोक्ताको मागअनुसार यस व्यवसायको स्वरूप फेरिएको भने पक्कै हो। पहिलेजस्तो भौतिक रूपमा हुने शारीरिक सम्पर्क मात्र यो व्यवसायमा सीमित नभई भर्चुअल स्पेसमा हुने 'साइबर प्रस्टिच्युसन' मा महिलाहरू लाखौँ प्रयोगकर्ताको निम्ति आनन्दका वस्तु बनिरहेका छन् (लिउङ, सन् २००८)। तथापि यौनधन्दा या शारीरिक आनन्दका निम्ति खोलिएका अनेकन उद्योगका निम्ति आवश्यक कच्चापदार्थ भनेका शरीरहरू नै हुन् जसमा महिलाकै शरीरको उपयोग र दोहन ज्यादा देखिन्छ। त्यसमा पनि विशेष समुदायका, निश्चित उमेर समूह र कद काटीका महिलाहरूको खपत धेरै भएको अध्ययनहरूले देखाएको छ।

सन् १९५० तिरबाटै नेपाली युवतीहरू बेचबिखनमा पर्ने क्रम सुरु भएको अध्ययनले देखाउँछ। सन् १९८०/९० ताका भने नेपालबाट अत्यधिक सङ्ख्यामा बेचबिखनमा परी भारतका यौनालयहरूमा बिक्री गरिएका युवतीहरूमा निश्चित जिल्लाका, समुदाय र उमेर समूहका थिए। आसमान (सन् २०१८) ले सिन्धुपाल्चोकलाई केन्द्र बनाएर गरेको अध्ययनले त्यो क्षेत्रका तामाङ किशोरीहरू ठुलो सङ्ख्यामा तस्करहरूको चङ्गुलमा परी भारतका बम्बै आदि ठुला सहरका 'रेड लाइट एरिया'हरूमा बेचिएको देखाएको छ। सात आठ वर्षका बालिकादेखि पाको उमेरका र गर्भवती महिलाहरूसम्म पनि बेचबिखनमा परी यौन धन्दामा संलग्न गराइएको पाइएको छ। साथमा तामाङ युवतीहरू अरबी ग्राहकको रोजाइमा पर्ने भएकाले पनि यो समुदायका धेरै युवतीहरू बम्बैका मांसहाटहरूमा तस्करीमा परी पुर्‍याइने

गरेको देखिन्छ (लामा, सन् २०२०)। खासमा भारतका यौन बजारको मागलाई सम्बोधन गर्न तथा ग्राहकले चाहेअनुसारको यौनउत्पादनको लागि नै ती विशेष युवती शरीरहरू मानिसबाट यौनवस्तुमा परिणत भई किनबेचको ठुलो चक्रमा सामेल गरिएको प्रस्ट हुन्छ।

पुँजीवादी बजारले मानिसको मानवगुण र स्वलाई बजारमा लिलाम बढाबढ गर्दै केवल एक वस्तु र मालमा परिणत गरिदिएको छ। पुँजीवादी अर्थ व्यवस्था र उपभोक्तावादी संस्कृतिले मानव शरीरमाथि गरेको सबैभन्दा ठुलो राजनीति नै उनीहरूको स्वत्व र अस्तित्वमाथिको प्रहार हो।

## *निष्कर्ष*

भूमण्डलीकृत पुँजीवाद विशेष वैचारिकी र संस्कृतिसहित विश्वका हर कुनामा पुगिसकेको छ। यस व्यवस्थाले उदार बजार नीति, बजार विस्तार, मागअनुसारको वस्तु उत्पादन र त्यसबाट आर्जन हुने नाफालाई केन्द्रमा राख्दछ। नाफा नै यसको मेरुदण्ड भएकोले त्यसकै बृद्धिका खातिर यस व्यवस्थाले निरन्तर उत्पादन प्रणाली, साधन र उत्पादित वस्तुको बजारीकरणको निम्ति नवीन तरिकारहरू अपनाइरहन्छ। युरोपेली राष्ट्रहरूले गरेको औपनिवेशिकालीन लुट, दास व्यापारबाट भएको अथाह आर्जनबाट विजारोपण भएको पुँजीवादी अर्थ व्यवस्थाले केही शताब्दीभित्रै अर्कै स्वरूप लिइसकेको छ। पुँजीवादी व्यवस्थाकै बाइप्रडक्टको रूपमा हल्हलाएको उपभोक्तावाद आधुनिक संस्कृतिकै एक अभिन्न पाटो बनिसकेको छ। आज हर उत्तराधुनिक मानिस बजारले उत्पादन गरिदिने वस्तुको उपभोगको नशामा परी चरम उपभोक्तावादको जञ्जालमा फसिरहेका छन्। साथमा वस्तु उत्पादन र प्रयोगको बृत्तमा मज्जाले जकडिएका उनीहरू आफै पनि बजारको निम्ति माल सरह बनिसकेका छन्। यसै पृष्ठभूमिमा रही यस शोध–लेखमा पुँजीवादी सामाजिक/आर्थिक व्यवस्था र उपभोक्तावादी संस्कृतिले विभिन्न शरीरहरूमाथि के कस्तो दोहन गरेको छ भनी विभिन्न चिन्तकहरूको विचार र अध्ययनको आधारमा विश्लेषण गरिएको छ।

आजकल महिलाहरू एकातिर सौन्दर्य प्रसाधन उद्योगले निर्माण गरिदिएको सौन्दर्यको मानक पछ्याउँदै पितृसत्तात्मक पुँजीवादी संरचनालाई भरथेग गरिदिने असल उपभोक्ता बनिरहेका छन् भने अर्कोतिर यौन व्यवसायदेखि मनोरञ्जन या फेसनको दुनियामा बजारको मागअनुसार कायान्तरित पारिएका केवल यौनिक वस्तु या आनन्द प्रदान गर्ने मालको रूपमा बजार र गल्लीहरूमा बिक्री हुन बाध्य भइरहेका छन्। कतिपय समाजमा भने जात, समुदाय, वर्गका विभेद र सांस्कृतिक मान्यताका शिकार पनि महिलाहरू नै हुने गरेका छन्। यौन कारखानामा यौन उत्पादनका निम्ति प्रयोग हुने कच्चापदार्थदेखि साइबर स्पेसमा लाखौँ यौनपिपासुहरूको तिर्खा मेटाउने शरीर बनेका महिला शरीरहरू पितृसत्तावदी बैचारिकी र पँजीवादी उपभोक्तावादकै मिश्रणका उपज हुन्। साथमा महानगरका यौन अखडाहरू चहार्नेदेखि नीलो सिनेमाका स्क्रिनसम्ममा आँखा सेकाउन भ्याउने पढालेखा बौद्धिक पुरुषजनहरू पनि उत्तिकै मात्रामा पुँजीवादी बजार र उपभोक्तावादी मानसिकताकै जकडाइमा फसेका छन्। समग्रमा पुँजीवादी व्यवस्थाका जञ्जालमा परेका तथा अनेक अवस्था र परिस्थिततिमा भएका मानव शरीरहरूको स्वतन्त्रता, परिचय र अस्तित्वको सवाल भने बजारको भीडमा कतै बिलाइरहेको छ।

पितृसत्तावादकै पछिल्लो संस्करणको रूपमा र जगज गरिरहेको पुँजीवादी व्यवस्था र उपभोक्तावादी संस्कृति माझ मानिसहरू बाटो नभेटेर अल्मलिएका कुहिरोका कागसरह भएका छन्। आजकल बजारबाट नियन्त्रित विशाल मानव सागर केवल उपभोगदेखि उपभोगसम्मको कहिल्यै नटुङ्गिने यात्रामा सामेल भएका देखिन्छन्। साथमा अधिक उपभोगको लतमा फसेका मानिसहरू आफ्नो विशिष्ठ परिचय, अस्तित्व र विशेषताहरूबाट बिच्छेदित भई प्रभुत्वशाली पुँजीपतिहरूको शक्ति चलखेल, प्रयोग र अर्थ राजनीतिक अभ्यासले निम्तिएको विशेष थलोमा

परिणत भएका छन् । माथि उल्लिखित विषयहरूमाथि गरिएको विश्लेषणको आधारमा यो अध्ययनले पुँजीवादी व्यवस्थाले अवलम्बन गरेको बजार नीति र बिस्तार गरेको उपभोक्तावादी संस्कृतिको दोहनमा सबै प्रकारका शरीरहरू परे तापनि महिला शरीरहरू भने अत्यधिक दमनमा परेको निष्कर्ष निकालेको छ।

## *सन्दर्भ सामग्रीसूची*


मिश्र, चैतन्य (सन् २००४). *पुँजीवाद. नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन.* (सम्पा.). मेरी डिशन र प्रत्यूष वन्त. हिमाल बुक्स।

Asman, S. (2018). *Bombay Going: Nepali Migrant Sex Workers in an Anti-Trafficking Era.*Lexington Books.

Aziz, B. N. (2020). *Yogmaya and Durga Devi Rebel Women of Nepal.* Mandala Books.

Beauvoir, S. de. (1973). *The Second Sex.*Translated by E.M. Parshley. Vintage.

Beauvoir, S. de. (2011). *The Second Sex.* Translated by Constance Borde and Sheila Malovany-Chevallier. Vintage Books.

Butler, J. (2004). Troubling genders, subverting Identities: Interview by Vasu Reddy. *Agenda: Empowering women for gender equity.* 62, 115-123.

Butler, J. (1990). *Gender trouble: Feminism and the subversion of identity.* Routledge.

Collins, V. E., and Dawn L. R. (2017). The consumption of patriarchy: Commodification and reification. *Contemporary Justice Review.* 20 (2), 162-174.

Diamond, J. (2005).*Guns germs & steel: A short history of everybody for the last 13,000 years.* Vintage Books.

Foucault, M. (1978).*The history of sexuality Vol. 1.* Translated by Robert Hurley. Random House.

Foucault, M. (Summer 1982). The subject and power. *Critical Inquiry.* 8(4), 777-795.

Jeffreys, S. (2005). *Beauty and Misogyny.* Routledge.

Kronenberg, S. & Puddu, M. (11 Feb. 2026). Written on the subaltern body: Gramsci and the material politics of Sardinian and Italian prison lives.*Cultural Studies. Routledge.* 1-27.

Lama, K. (2020).*Rewriting Body: Charimaya Tamang as an Emblem of Resistance in Human Trafficking in Nepal.* Mphil. Thesis, Tribhuvan University.

Lama, K. (2020). Charimaya Tamang: Making of selfless self. Annexation- I in *Charimaya Tamang as an Emblem of Resistance in Human Trafficking in Nepal.* Mphil. Thesis, Tribhuvan University, 90-118.

Leung, M. W. H. (2008). On sale in express package Chinese female bodies as commodities in cyberspace. *Chinese Women and the Cyberspace.* Edited by Kun Eng Kuah-Pearce.Amsterdam University Press.

Rinehart, N. T. (2016). The man that was a thing: Reconsidering human commodification in slavery. *Journal of Social History.* 50(1), 28-50.

Spillers, H. J. (Summer 1987). Mama's baby, papa's maybe: An American grammar book. *Diacritics.* vol. 17(2), 64-81.